# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५८) काठमाडौं, चैत्र २४ गते २०६५ साल (संख्या ५१


## भाग ५

नेपाल सरकार

भौतिक योजना तथा निर्माण मन्त्रालयको

सूचना १

नेपाल सरकारको मिति २०६५/११/११ को निर्णयानुसार मिति २०६५/०१/०३ देखि जेष्ठता कायम हुने गरी नेपाल इन्जिनियरिङ्ग सेवा, सिभिल समूह, स्यानिटरी उपसमूहको राजपत्रांकित तृतीय श्रेणी (प्रा) का देहायका इन्जिनियरहरुलाई सोही सेवा, समूह तथा उपसमूहको राजपत्रांकित द्वितीय श्रेणी (प्रा) सिनियर डिभिजनल इन्जिनियर पदमा बढुवा गरी खानेपानी तथा ढल निकास विभाग वा अर्न्तगत पदस्थापना गरिएको छ :-

१. श्री दिवाकर प्रसाद ढकाल
२. श्री प्रेमकृष्ण श्रेष्ठ
३. श्री शिवेन्द्र झा
४. श्री अरुण कुमार सिंखडा
५. श्री हरिप्रसाद तिमिल्सिना

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. श्री चक्रपाणी शर्मा आचार्य
७. श्री सुरेश महाजु
८. श्री मोहनवहादुर कार्की
९. श्री फत्त वहादुर क्षेत्री

## सूचना २

नेपाल सरकारको मिति २०६५/११/११ को निर्णयानुसार मिति २०६५/०१/०४ देखि जेष्ठता कायम हुने गरी नेपाल इन्जिनियरिङ्ग सेवा, सिभिल समूह, विल्डिङ्ग एण्ड आर्किटेक्ट उपसमूहको राजपत्रांकित तृतीय श्रेणीको (प्रा.) इन्जिनियर श्री उपेन्द्र प्रसाद वराललाई सोही सेवा, समूह तथा उपसमूहको राजपत्रांकित द्वितीय श्रेणी (प्रा.) सिनियर डिभिजनल इन्जिनियर पदमा बढुवा गरी शहरी विकास तथा भवन निर्माण विभाग वा अर्न्तगत पदस्थापना गरिएको छ ।

## सूचना ३

नेपाल सरकारले निजामती सेवा नियमावली, २०५० को नियम १२७ उपनियम (४) ले दिएको अधिकार प्रयोग गरी सोही नियमको उपनियम (१) बमोजिमको सम्वद्धता निर्धारण समितिद्वारा वढुवा प्रयोजनको लागि निजामती कर्मचारीले हासिल गरेका देहायका शैक्षिक संस्थाका देहायका शैक्षिक उपाधिलाई देहाय बमोजिमको सेवा समूह तथा उपसमूहसंग सम्वद्धता गर्ने निर्णय भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ :-

| क्र. सं | शैक्षिक संस्थाको नाम | शैक्षिक उपाधि | सम्वद्धता गरेको सम्बन्धित सेवा, समूह तथा उपसमूहहरु |
|---|---|---|---|
| १) | **The Master's Program in Graduate School of Policy Studies, National Graduate Institute for Policy Studies, Japan .** | **Earthquake Disaster Mitigation Program, Master of Disaster Mitigation** | नेपाल इन्जिनियरिङ्ग सेवा , सिभिल समूह, विल्डिङ एण्ड आर्किटेक्ट उपसमूह |
| २) | **The Master's Program in Graduate School of Policy Studies, National Graduate Institute for Policy Studies, Japan .** | **Disaster Management Policy Program, Master of Disaster Management** | नेपाल इन्जिनियरिङ्ग सेवा , सिभिल समूह, विल्डिङ एण्ड आर्किटेक्ट उपसमूह |